**समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी**

**काउम्याट (COW MAT) खरिद सम्बन्धि सिलबन्दी दर भाउ पत्र आह्वान**

Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमति संस्थाद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व र पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९, सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९)मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवनस्तर सुधार ल्याउनकानिम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ ।

दुग्ध मूल्य श्रृखला परियोजना अर्न्तगत परियोजना सञ्चालित कार्य क्षेत्र ( मध्यविन्दु न.पा ७, ८ र ९, सुस्ता गा.पा २ र ३, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा ५ र ९) मा काउम्याट खरिद गरि सम्बन्धित पालिकामा सहकारी मार्फत दुग्ध उत्पादक कृषकहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोमा नेपाल वा अन्य मूलुकमा उत्पादित काउ म्याटको लागि नेपालमा सप्लाईको आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्न शर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।
२. अनुसूची १ मा भएका काउम्याट (COW MAT) को गुणस्तर, ब्राण्ड, मोटाई, तौल, बुट्टा, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई प्रति इकाई दररेट पेश गर्नुपर्ने छ । साथै COW MAT को कम्पनी तथा ब्राण्ड NS/ISO certified भएको हुनुपर्नेछ ।
३. आपुर्तीकर्ताले एक वा एक भन्दा धेरै ब्राण्ड, कम्पनी वा स्पेसिफिकेशन अनुसारको दररेट उपलब्ध गराउन सक्नेछ ।

४. छोटो सूचिमा परेको आपुर्तिकर्तालाई कोटेशनमा उल्लेख गरिएको COW MAT को नमूना पेश गर्न भनिने छ ।

५. आपूर्तिकर्ताले उल्लेखित परियोजनाले तोकेको कार्यक्षेत्रसम्म सामग्रीहरु ढुवानी गर्नु पर्नेछ ।

६. छनौट भएका आपुर्तीकर्ताले सम्झौत गर्नु भन्दा पहिले ५% Bank Guarantee पेश गर्नु पर्ने छ । साथै परियोजनाले सम्झौता गरेको मितिले ३० दिन भित्र अनिवार्य सामाग्री उपलब्ध गराउनु पर्नेछ ।

७. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले १० दिनभित्र अर्थात २०७८/११/०५ गते ($17^{th}$ February, 2022 ) भित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

९. बोलपत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथम कदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

१०. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

११. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

१२. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

१३. **पेश गर्नु पर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट ( उल्लेखित अनुसूचीमा उपलब्ध फारम नमूना अनुसार)

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

ङ. आधिकारीक डिलर सिप वा विक्री गर्ने अनुमति लिएको प्रमाण पत्रको प्रतिलिपि

११. अनुमानित आवश्यक सामग्रीहरु र परिमाण

| S.N. | Name of Supplies | Unit | Number | Remarks |
|---|---|---|---|---|
| 1 | Cowmat 6*4 Sqfeet (NS/ISO Standard) | No | 600 | |

नोट : माथि उल्लेखित सामाग्रीको संख्या आवश्यकता अनुसार थपघट हुन सक्ने छ । साथै दर रेट पेश गर्दा सामाग्रीको क्याटलग वा फोटो उपलब्ध गराउनु पर्ने छ ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित हुनेछ ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"काउम्याट (COW MAT) खरिद"** लेखी यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र अर्थात् २०७८/११/०५ गते (17th February, 2022 ) बेलुका ५:०० बजेभित्र तपशिलको कुनै एक ठेगानामा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

तपशिल

१. समावेशी ग्रामीण विकास परियोजना कार्यालय

वर्दघाट न.पा. वडा नं. ४ शिवालय टोल , नवलपरासी

२. सहमति केन्द्रिय कार्यालय

गैंडाकोट ५, नवलपरासी

३. गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय

एकान्तकुना ललितपुर

## अनुसूची- १: काउम्याट (COW MAT) सम्बन्धि विवरण दर भाउ

| क्र.स. | विवरण | ईकाई | विशिष्टता, ब्रान्ड, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस | इकाई दर भ्याट सहित (रुपैयामा) | इकाई दर अक्षरमा ( भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **Cowmat**<br>Size : 6*4 sq feet<br>Surface (**बुट्टा**):<br>Thickness :<br>Weight :<br>Interlock : Yes/No<br>ISO/NS certified : Yes/No<br>Brand :<br>Country of Origin :<br>Product with Logo : Yes/No<br>Material :<br>Warranty/Guarantee : | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| २ | **Cowmat**<br>Size : 6*4 sq feet<br>Surface (**बुट्टा**):<br>Thickness :<br>Weight :<br>Interlock : Yes/No<br>ISO/NS certified : Yes/No<br>Brand :<br>Country of Origin :<br>Product with Logo : Yes/No<br>Material :<br>Warranty/Guarantee : | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| नाम : | हस्ताक्षर : | | | छाप : | मिति : | |

| क्र.स. | विवरण | ईकाई | विशिष्टता, ब्रान्ड, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस | इकाई दर भ्याट सहित (रुपैयामा) | इकाई दर अक्षरमा ( भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ३ | **Cowmat**<br>Size : 6*4 sq feet<br>Surface (**बुट्टा**):<br>Thickness :<br>Weight :<br>Interlock : Yes/No<br>ISO/NS certified : Yes/No<br>Brand :<br>Country of Origin :<br>Product with Logo : Yes/No<br>Material :<br>Warranty/Guarantee : | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |

नाम : हस्ताक्षर : छाप : मिति :